**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन पाल्पा, प्रदेश नं ५, नेपाल**
**सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई)**

# प्रस्ताव आह्वानको सूचना

कार्यपालिकाको
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल
२०७३

सूचना प्रकाशन मिति : २०७६।११।२२

तानसेन नगर कार्यपालिकाको मिति २०७६।५।१४ गतेको बैठकबाट स्वीकृत भएका ८ वटा विभिन्न परियोजनाहरु सार्वजनिक निजी साझेदारी मार्फत् कार्यान्वयन गर्नका लागि सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई) बाट मिति २०७६।७।१ र २०७६।८।२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशीत भएको मनसायपत्र आह्वानको सूचना बमोजिम पेश भएका मनसायपत्रदाताहरु मध्येबाट संक्षिप्त सूचीमा समावेश भएका व्यक्ति/कम्पनी/संस्थाहरुबाट प्रतिस्पर्धाका आधारमा सम्बन्धित आयोजना कार्यान्वयन गर्न तपसिलको म्याद भित्र तपसिलका विवरण समेत संलग्न गरी सानिसा इकाईमा प्रस्ताव पेश गर्नु हुन तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी नियमावली, २०७५ को नियम ११ बमोजिम यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ

<u>तपसिल</u> :

क) प्रस्ताव सम्बन्धी कागजात खरिद गर्ने ठाउँ र सोको दस्तुर : तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई) तानसेन, पाल्पावाट खरिद गर्ने र पेश गर्दा रकम रु.३०००।- तिरेको बैंक भौचर प्राविधिक प्रस्तावमा समावेश गर्ने ।

ख) प्रस्ताव पठाउने तरिका : संस्थाको आधिकारीक व्यक्तिबाट सानिसा इकाईबाट उपलब्ध हुने प्रस्ताव आह्वान सम्बन्धी कागजात (RFP Documents) प्राप्त गरी प्रस्तावको हार्डकोपी पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव बुझाउने स्थान : तानपा, सानिसा इकाई, पाल्पा

घ) प्रस्ताव बुझाउने अन्तिम मिति : २०७६।१२।२२ गते दिनको १२:०० बजे भित्र (विदा परेमा सोको भोलिपल्ट)

ङ) प्रस्ताव खोलिने स्थान र मिति : तानपा, सानिसा इकाई मा २०७६।१२।२२ गते दिनको १:०० बजे भित्र (विदा परेमा सोको भोलिपल्ट)

च) प्रस्ताव उपर निर्णय गरिने अनुमानित मिति : २०७७।१।२२ गते

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

छ) प्रस्ताव मूल्यांकन र छनौट गर्ने आधार : ता.न.पा. सानिसा नियमावली, २०७५ को नियम १५(२) अनुसार छनौट गरिने छ ।

ज) प्रस्तावको प्राविधिक र आर्थिक पक्षको मूल्यांकनको अङ्कभार : प्राविधिक प्रस्तावको ५० प्रतिशत र आर्थिक प्रस्तावको ५० प्रतिशत रहनेछ ।

झ) प्राविधिक प्रस्ताव मूल्यांकन गरेपछि मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

**शर्तहरु :**

१. प्रस्ताव पेश गर्दा सानिसा इकाईको छाप र सम्बन्धित अधिकारीको दस्तखत भएको प्रस्ताव सम्बन्धी कागजात खरिद गरी सो कागजातमा उल्लेख भए बमोजिमका विवरण भरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी ती दुवै खामलाई अर्को खाममा राखी पुनः सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

२. प्रस्ताव पेश गर्दा प्रस्ताव पेश गर्ने व्यक्तिले प्रस्तावपत्रको साथमा दस्तुर वापत रु. ३०००।- बुझाएको सक्कलै बैंक भौचर प्राविधिक प्रस्तावका साथ संलग्न गर्नु पर्नेछ । प्रस्ताव छनोट नभएमा प्रस्तावपत्रको साथमा पेश गरेको दस्तुर प्रस्तावकलाई फिर्ता हुने छैन ।

३. सानिसा इकाईले पेश भएका प्रस्ताव मूल्यांकन गरी प्रस्ताव छनौट सम्बन्धी निर्णय गरेपछि प्रस्ताव स्वीकृत वा अस्वीकृत भएको सूचना प्रस्ताव प्रस्तुतकर्ताहरुलाई दिइनेछ ।

४. प्रस्ताव स्वीकृत भएको मिति देखि बढीमा सात दिन भित्र प्रस्तावक र सानिसा इकाई बीच समझदारीपत्र गर्नु पर्नेछ ।

५. छनौट भएका प्रस्तावकर्तालाई लिखित सूचनाद्वारा जानकारी गराइनेछ ।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा ५ नं. प्रदेश, नेपाल २०७३

२०७८/११/२२

डिल्ली राज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत
तानसेन नगर कार्यपालिकाको कार्यालय, पाल्पा

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner